# उच्च अदालत

सुर्खेत

(प्रशासन शाखा)

---

मिति : २०७७।०४।११

**विषयः-स्थगन गरिएका सेवाहरु सुचारु गर्ने सम्बन्धमा प्रकाशित गरिएको सूचना**

उपर्युक्त विषयमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम न्यूनिकरण गर्न नेपाल सरकारको मिति २०७६/१२/१० को निर्णयानुसार नेपालभर लकडाउनको अवस्था कायम रहेको तथा सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण बैठकको निर्णयानुसार अदालतबाट प्रवाह हुने सेवाहरु समेत स्थगन गरिएकोमा सर्वोच्च अदालतको विभिन्न मितिका परिपत्र बमोजिम केही महत्वपूर्ण आवश्यक सेवाहरु सुरक्षा सावधानी अपनाई संचालन हुँदै आएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७/०४/०५ गतेको निर्णय तथा सर्वोच्च अदालतको मिति २०७७/०४/०८ गतेको सूचना बमोजिम अव उप्रान्त यस अदालतबाट प्रवाह हुने सेवाहरु आवश्यक सुरक्षात्मक उपायहरु अवलम्बन गरी पूर्ण रुपमा संचालन हुने भएकाले सेवा प्राप्त गर्न यस अदालतमा उपस्थित हुनुपर्ने अवस्थाका सुर्खेत जिल्ला भित्रका मुद्दाका पक्ष/विपक्षहरु तथा अन्य सरोकारवालाहरुको हकमा मिति २०७७/०४/०८ देखि र सुर्खेत जिल्ला बाहेकका पक्ष/विपक्षीहरु तथा अन्य सरोकारवालाहरुको हकमा मिति २०७७/०५/०१ देखि लागु हुने गरी हदम्याद, म्याद, तारिख प्रारम्भ हुने भएकाले बाटाको म्यादबाहेक ३० दिनभित्र उपस्थित भइ आ-आफ्नो काम कारवाहीहरु सूचारु गर्न सम्बन्धित सरोकारवालाहरु सबैमा जानकारीका लागि मिति २०७७/०४/११ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

२०७७।०४।११

थिरेन्द्रकुमार सुवेदी

शाखा अधिकृत

शाखा अधिकृत

---

फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np